नेपाली राजदूतावास
कुवेत
**Embassy of Nepal**
**State of Kuwait**

سـفـــارة نيبـــال
دولة الكويت

## सूचना

नेपालको सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणका लागि "विदेशमा रही अनौपचारिक रूपमा विप्रेषणको काम/कारोबार (हुण्डी) गरेको वा सङ्कलित रकम नेपाल नपठाएको" गोप्य सूचना परराष्ट्र मन्त्रालयमार्फत अर्थ मन्त्रालय वा सम्बन्धित निकायमा विद्युतीय माध्यमबाट पठाउनुपर्ने नीतिगत व्यवस्था भएबमोजिम यस दूतावासले कार्य गरिरहेको छ।

अत: कुवेतमा बसोबास गर्ने कुनै पनि व्यक्ति वा संस्थाले अनौपचारिक रूपमा विप्रेषण (हुण्डी) सम्बन्धी कुनै किसिमको कारोबार नगर्नु/नगराउनुहुन अनुरोध गरिन्छ। साथै, कसैले यस्तो गैरकानूनी कारोबार गरेको/गराइरहेको पाइएमा त्यस्तो कार्यमा संलग्न व्यक्ति वा संस्थाको विवरण प्रमाणसहित यस दूतावासको ईमेल ठेगाना: eonkuwait@mofa.gov.np मा उपलब्ध गराई गैरकानूनी वित्तीय कारोबार (हुण्डी) निरुत्साहित गर्ने कार्यमा सहयोग गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ। यहाँहरूले दिनुभएको जानकारी अत्यन्त गोप्य रहने/राखिने व्यहोरा समेत अनुरोध गरिन्छ।

नेपाली राजदूतावास, कुवेत
मिति : २०८२।०९।०१